नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

# दार्चुला भन्सार कार्यालय

खलंगा, दार्चुला

## खुल्ला बोलकबोलको माध्यमबाट मालसामान लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने सूचना

(सूचना प्रकाशन मिति :- २०८२/०७/२५)

चोरी निकासी/पैठारीको अभियोगमा पक्राउ भई दाखिला भएका तपसिल अनुसारका मालवस्तुहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा मिति २०८२।०८।०९ गते मंगलबार दिनको १३:०० बजे देखि १४:०० बजेसम्म यस भन्सार कार्यालयमा भन्सार ऐन, २०६४ तथा भन्सार नियमावली, २०६४ अनुसार लिलाम बिक्री गर्न यो सूचना प्रकाशित गरिएको छ। लिलाम सकार गर्न बोलकबोल गर्ने व्यक्ति/फर्मले न्यूनतन मूल्यको दश प्रतिशतले हुने रकम नगद धरौटी राख्नुपर्नेछ, कबोल अंक बढ्दै गएमा सोही अनुपातमा धरौटी रकम थप गर्दै जानुपर्नेछ। लिलाम सदर भएको मितिले ७ दिनभित्र पुरै रकम दाखिला गरी मालवस्तु उठाई लैजानुपर्नेछ, सो अवधिभित्र मालवस्तु उठाई नलगेमा धरौटी जफत गरी क्रमशः दोश्रो, तेश्रो र चौथो घटीवालको कबोल अंक स्वीकृत गरिने छ। लिलामबाट लगेका मालवस्तु नियमानुसार गुणस्तर परीक्षण गर्नुपर्नेको हकमा लिलाम सकारकर्ताले सम्बन्धित निकायबाट परीक्षण गराई उपभोग योग्य भएमा मात्र उक्त मालवस्तु बिक्री वितरण/उपभोग गर्नुपर्नेछ। लिलाम बढाबढको दिन सार्वजनिक बिदा पर्न गएमा सो दिनको भोलिपल्ट सोही स्थान, मिति र समयमा लिलाम बढाबढ गराइने छ। साथै कुनै मालवस्तु खरीद बिक्रीका लागि कानून बमोजिम इजाजत चाहिने मालवस्तुको हकमा सो सम्बन्धी इजाजत पत्र प्राप्त गरेका फर्म वा संस्थालाई मात्र खुला बोलकबोलमा सहभागी गराइनेछ। लिलाम स्वीकृत गर्ने, रद्द गर्ने वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ। सूचनाका अन्य शर्तहरु प्रचलित कानून बमोजिम हुनेछन्।

तपसिलः-

| १५ दिने लिलाम बिक्री सम्बन्धी सूचना प्रकाशित मिति २०८२/०७/२५ | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | मुद्दा नं. | दर्ता मिति | प्रतिवेदक निकाय | मालवस्तुको विवरण | न्यूनतम कबोल मूल्य | कैफियत |
| १ | १३ | २०८१/७/१५ | जिप्रका दार्चुला | चावी सलाई १६ बास्ता, बिंडी १६ पेटी, हाइक्लास सूर्ती ४ बोरा *(अन्तःशुल्क र स्वा.जो.कर समेत)* | ३५४९०० | |
| २ | १४ | २०८१/८/४ | जिप्रका दार्चुला | लेजर प्वाइन्ट लाइट २१८ पिस | २००० | |
| ३ | १८ | २०८१/११/२१ | नं. गण हे.क्वा., दार्चुला | सलाई २ बण्डल, बिंडी १२ बण्डल, सूर्ती १० प्याकेट *(अन्तःशुल्क र स्वा.जो.कर समेत)* | ५१०० | |
| ४ | २० | २०८१/१२/११ | नं.४४ गण हे.क्वा., दार्चुला | बिंडी ६९ बण्डल *(अन्तःशुल्क र स्वा.जो.कर समेत)* | १५५०० | |
| ५ | २१ | २०८१/१२/११ | ईप्रका गोकुलेश्वर, दार्चुला | बिंडी ६ पेटी *(अन्तःशुल्क र स्वा.जो.कर समेत)* | ११७००० | |
| ६ | २३ | २०८२/२/२० | नं.४४ गण हे.क्वा., दार्चुला | बिंडी १८ पेटी *(अन्तःशुल्क र स्वा.जो.कर समेत)* | ४८६००० | |
| ७ | १ | २०८२/४/१४ | नं.४४ गण हे.क्वा., दार्चुला | लेडिज सुट १३ पिस | ५२०० | |
| ८ | २ | २०८२/४/१४ | जिप्रका दार्चुला | बिंडी ७३ बण्डल | ९००० | |
| ९ | ३ | २०८२/४/२० | नं.४४ गण हे.क्वा., दार्चुला | लेडिज सुट २५ पिस | ८५०० | |
| १० | ५ | २०८२/७/२१ | ईप्रका गोकुलेश्वर | बिंडी २ पेटी*(अन्तःशुल्क र स्वा.जो.कर समेत)* | ४०००० | |

कार्यालय प्रमुख

फोन नं. : ०९३-४२०१३० (Email : darchula@customs.gov.np)